सरावल गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

सरावल, नवलपरासी (बर्दघाट-सुस्ता पश्चिम)

लुम्बिनी प्रदेश, नेपाल

प.सं. ०७७/०७८ च. न.

# प्रस्ताव पेश गर्ने सम्बन्धी १५ दिने सूचना ।

**प्रथम पटक प्रकाशित मिति: २०७७०७२३**

यस सरावल गाउँपालिकाको चालू आ.व. ०७७।७८ को लागि स्वीकृत बार्षिक कार्यक्रम अनुसार यस गाउँपालिकाको वडा नं. ७ स्थित भुजहवा क्षेत्रमा पाइने **ठुलो चमेरो (गादुल)** को बारेमा अध्ययन अनुसन्धान गर्न नेपालस्थित विश्वविद्यालयहरुमा स्नातकोत्तर तहमा अध्ययनरत विद्यार्थीहरुलाइ सोधवृत्ति दिने कार्यक्रम रहेकोले इच्छुक नेपाली नागरिकहरुले देहायका शर्तहरुको अधिनमा रही यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र यस कार्यालयमा आइपुग्ने गरी आ-आफ्नो सोध प्रस्ताव पेश गर्नुहुन अनुरोध गरिन्छ । म्याद नाघी आएको वा रित नपुगेका प्रस्ताव उपर कारवाही हुने छैन । प्रस्ताव स्वीकार वा अस्वीकार गर्ने सम्पुर्ण अधिकार गाउँपालिकामा सुरक्षित रहने छ ।

शर्तहरु:

१. सोधवृत्ति रकम रु ५० हजार (करसहित) मात्र हुनेछ ।

२. सोध प्रस्ताव अध्येताको सम्बन्धित विश्वविद्यालयबाट अनिवार्य स्वीकृत हुनुपर्नेछ ।

३. सोधको विषय **यस गाउँपालिकामा पाइने ठुलो चमेरोको जैविक, वातावरणीय अध्ययन, प्रजनन र वासस्थानसंग** सम्बन्धित हुनुपर्नेछ ।

४. प्रस्ताव पेश गर्दाको बखत प्रस्तावकका साथै सोधपत्रका गाइडसमेतको बायोडाटा अनिवार्य पेश गर्नुपर्नेछ ।

५. सोधपत्र २०७८ जेठभित्रै सम्बन्धित विश्वविद्यालयबाट स्वीकृत भएपछि सो को प्रमाण यस कार्यालयमा पेश गरेपछि मात्र भुक्तानी पाइनेछ ।

६. प्रस्तावका साथमा सो अध्ययनमा लाग्ने खर्चको लागत इस्टिमेटसमेत पेश गर्नुपर्नेछ । उल्लिखित सोधवृत्ति रकम बाहेक अन्य खर्च कार्यालयले उपलब्ध गराउने छैन् ।

२०७७/७/२३

..............................

प्रमुख प्रशासकीय अधिकृत

बुद्ध प्रकाश पौडेल

प्रमुख प्रशासकीय अधिकृत